# विराटनगर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

च.नं.
प.सं.

### सि-प्लट भवनको ठेक्का व्यवस्थापनका लागि भएको सार्वजनिक बोलपत्र आव्हानको सूचना

सूचना प्रकाशित मितिः २०८३/०२/०८

विराटनगर महानगरपालिका वडा नं. ९ स्थित सि-प्लट भवनमा रहेका कोठाहरु आ.व.२०८३/०८४ देखी २०८५/०८६ सम्मको वहालमा लगाउने निर्णय भएको हुदाँ सो भवन भाडामा लिन ईच्छुक मूल्य अभिबृद्धि करमा दर्ता भएका व्यक्ति, फर्म, कम्पनी वा संस्थाहरुलाई रु.३,०००। (तिन हजार मात्र पछि फिर्ता नहुनेगरी) कृषि विकास बैंकमा रहेको विराटनगर महानगरपालिकाको खाता नं. ०६०१६०११४५९७३११३ मा जम्मा गरी यो सूचना प्रकाशित भएको मितिले ३० तीस दिनभित्रमा बोलपत्र फाराम खरिद गर्नहुन सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

**अनिवार्य जानकारी तथा शर्तहरु**

१. ठेक्का सकार गर्नेले विराटनगर महानगरपालिकाको स्वामित्वमा रहेको वडा नं. ९ स्थित सि-प्लट भवनका कोठाहरु वहालमा लगाई सोबाट वाट वहाल उठाउनुपर्नेछ ।

२. वोलपत्रदाताले शिलबन्दी वोलपत्रसाथ कवोल गरेको ठेक्का रकमको १० प्रतिशतले हुन आउने रकम विराटनगर महानगरपालिकाको नाममा कृषि विकास बैंकको खाता नं. ०६०१६०११४५९७३०३२ मा जम्मा गरेको रकमको सक्कलै बैक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद भएको विडवण्डको सक्कल कागजात संलग्न राख्नुपर्नेछ ।

३. **बोलपत्र प्राप्त गर्ने अन्तिम मिति र स्थानः** सूचना प्रकाशन भएको मितिले ३० औं दिनसम्म राजश्व व्यवस्थापन महाशाखाबाट बोलपत्र फाराम उपलब्ध गराईनेछ । उक्त दिन बिदा भएमा कार्यालय खुलेको पहिलो दिन बोलपत्र फाराम लिनसकिनेछ।

४. **बोलपत्र पेश गर्नुपर्ने अन्तिम मिति र स्थान** : सूचना प्रकाशन भएको मितिले ३१ औं दिन दिनको १२:०० बजे सम्म राजश्व व्यवस्थापन महाशाखामा बोलपत्र फाराम पेश गर्नुपर्नेछ । उक्त दिन बिदा भएमा सोको भोलीपल्ट वा सो दिन समेत कार्यालय बन्द भएमा यस लगतै कार्यालय खुलेको पहिलो दिन सोही समयमा बोलपत्र फाराम पेश गर्नुपर्नेछ ।

५. **बोलपत्र पेश गर्ने तरिकाः** बोलपत्र सिलवन्दी लाहाछाप गरी लाहाछाप सख्या खुलाई विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा तोकिएको समयमा पेश गर्नुपर्नेछ ।

६. **बोलपत्र खोल्ने समयः** सूचना प्रकाशित मितिले ३१औं दिन दिनको २:०० वजे यस कार्यालयमा नियामानुसार बोलपत्र खोलिनेछ । सो दिन खोल्न नसकिएमा कार्यालयले तोकेको मितिमा खोलिनेछ ।

७. **ठेक्का अवधिः** आ.व. २०८३/०८४ श्रावण देखी २०८५/०८६ को आषाढ मसान्तसम्म (३ वर्ष) को हुनेछ ।

८. **न्यूनतम रकम** : न्यूनतम ठेक्का रकम तपशिल बमोजिम निर्धारण गरिएको छ ।

| क्र.स. | विवरण | समयावधि | न्यूनतम ठेक्का रकम वार्षिक कर वाहेक (रु.) | बोलपत्र खरिदको समयावधि |
|---|---|---|---|---|
| १ | सि-प्लट भवन | आ.व.२०८३/०८४ को श्रावण देखि २०८५/०८६ आषाढ मसान्तसम्म | रु.४९,६४,४२७/(उन्पचास लाख चौसठ्ठी हजार चार सय सत्ताइस मात्र) | सूचना प्रकाशनको मितिले३०औं दिन |

नोटः थप जानकारी तथा शर्त विराटनगर महानगरपालिकाको राजश्व व्यवस्थापन महाशाखा अथवा यस कार्यालयको आधिकारिक वेवसाईट www.biratnagarmun.gov.np र बोलपत्र फारममा उल्लेख भए अनुसार हुनेछ ।

# विराटनगर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल


च.नं.

प.सं.

### अन्य थप जानकारी तथा अनिवार्य शर्तहरु

१. नियमानुसार कबोल गरेको ठेक्का रकममा लाग्ने मू.अ.कर, अग्रिम आयकर, र न.पा. कर ठेकेदार स्वयम्ले बेहोर्नुपर्नेछ ।

२. सबैभन्दा बढी दररेट कवोल गर्ने वोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ ।

३. बोलपत्रमा ठेक्का रकम उल्लेख गर्दा अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ ।अङ्क र अक्षरमा फरक परेमा अङ्क र अक्षरमध्ये जुनमा रकम वढी रकम उल्लेख भएको छ सोहीलाई मान्यता दिईनेछ ।

४. वोलपत्रदाताले कवोल गरेको ३ आ.व.को कुल ठेक्का रकमलाई ३ ले भागा गरि आउने रकमलाई बार्षिक ठेक्का रकम मानी पहिलो वर्षको हुने ठेक्का रकमको कम्तीमा ३ महिनाको रकम लिएर मात्र सम्झौता गरिनेछ । सम्झौता अनुसार ठेक्का रकमको किस्ता मासिक वा त्रैमासिक वा सम्झौता बमोजिम बुझाउन सकिनेछ ।

५. सम्झौता गर्दा बुझाएको ३ महिनाको ठेक्का रकम घटाई सो आ.व. २०८३/०८४ मा बुझाउन बाँकी कर सहितको (बुदाँ न. ४ मा ३ ले भागा गरि आएको १ वर्षको हुने कर सहितको ठेक्का रकमको) १ बर्ष म्याद भएको बैक जमानत वा नगद धरौटी राखेर मात्र सम्झौता गरिनेछ ।

६. आ.व. २०८४/०८५ लाग्नु २ महिना अगावै बैक जमानत राखेको भए पुनः आ.व. २०८४/०८५ का लागि कर सहितको ठेक्का रकमको बैक जमानतको म्याद थप गर्ने र सोहि अनुसार पुनः २०८५/०८६ लाग्नु २ महिना अगावै आ.व. २०८५/०८६ को आषाढ मषान्तसम्म म्याद थप गर्नुपर्नेछ । बैंक जमानत तथा नगद धरौटी नराखी सम्झौता गरिने छैन । सम्झौतामा तोकेको समयमा दाखिला नगरेमा सम्झौता अनुसार दैनिक रु.१,०००। (एक हजार मात्र) जरिवाना लाग्नेछ ।

७. बोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा निहित रहनेछ ।

८. ठेक्का अवधिमा बन्द हड्ताल आदि भएमा त्यस वापत कुनै छुट मिनाहको दाबी गर्न पाइने छैन ।

९. स्वीकृत ठेक्का रकममा मू.अ.कर १३ प्रतिशत, अग्रीम आयकर १.५ प्रतिशत र न.पा. कर १.५ प्रतिशत थप गरी सम्झौता गरिनेछ।

१०.अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भएबमोजिम हुनेछन् ।

११.अधिकतम बोलकबोल गर्ने बोलपत्रदाताको बोलपत्र नियमानुसार स्वीकृत गरिनेछ । हाल वहालमा बसीरहेका व्यवसायीहरुलाई पहिलो प्राथमिकता दिई व्यवसाय सञ्चालन गर्न दिनुपर्नेछ । कुनै पनि व्यवसायीले सी-प्लट भवनमा नियमानुसार भाडा बुझाएको भए बिना कारण व्यवसाय सञ्चालनमा रोक लगाउन वा हटाउन पाउने छैन ।

१२. भवनको बीमा विराटनगर महानगरपालिकाले गर्नेछ ।भवनको सरसफाई तथा रेखदेख ठेकेदारले गर्नेछ । सो भवनको संरचनामा कुनै फेरबदल गर्नुपरेमा विराटनगर महानगरपालिकाको पुर्व स्वीकृति अनिवार्य लिनुपर्नेछ । नियमित रुपमा किस्ता नबुझाएमा विराटनगर महानगरपालिकाले जुनसुकै समयमा सम्झौता रद्द गरी पुनः ठेक्का प्रक्रियामा जानेछ । सो बाट पर्न गएको हानी नोक्सानी धरौटी रकमबाट असुल गर्नेछ । भवनमा कानुनले निषेध गरेको व्यवसाय सञ्चालन गर्न पाइने छैन ।

### संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु

१. व्यक्ति/फर्म/संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि नविकरण समेत ।

२. स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर प्रमाणपत्रको प्रतिलिपि ।

३. करचुक्ता (आ.व. २०८१/०८२) प्रमाणपत्रको प्रतिलिपी ।

४. यस कार्यालयमा संस्था सूचीकृत भएको प्रमापत्रको प्रतिलिपि ।

५. एकल स्वामित्वको फर्मको हकमा प्रोपराइटरको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि/कम्पनीको हकमा कम्पनी रजिष्ट्रारको प्रमाणपत्रको प्रतिलिपि ।